**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सक्रान्तिवजार, तेह्रथुम**
**(१ नं. प्रदेश,नेपाल)**

**मिति :- २०७५। ०२। २५**

**पत्र संख्या :- २०७४/०७५**
**चलानी नं.:**

**विषय :-** सिलबन्दी सवारी साधन प्रस्ताव आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०२/२८

यस कार्यालयको चालु आ.व :  को लागी सवारी साधन आपूर्ति सार्वजनिक खरिद ऐन, २०६३( पहिलो संशोधन) को दफा ८(१)(क)(८) तथा सार्वजानिक खरिद नियामावली, २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) वमोजिम सवारी साधन उत्पादक कम्पनी वा सो आधिकारिक अधिकृत बिकृेताद्धारा निर्धारित दरमा क्याटलग सपिङ्ग विधिबाट गरिने खरिदको कार्यविधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियामावली २०६४ को नियम ३१ (ख) (१) अनुसार ७ (सात) दिनभित्र कार्यलय समयमा निम्न शर्तहरुको अधिनमा रही प्रस्ताव दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको विस्तृत विवरण जि.स.स, जि.प्रशासन का. र को.ले.नि.का. तेह्रथुमको सूचना पाटीमा समेत टाँस गरिएको र कार्यालयको वेब साईट www.aathraimun.gov.np मा राखिएको छ ।

तपशिल :

१. ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, **Letter of Authorization** र आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समावेश गरि सिलवन्दी प्रस्ताव चार पाङग्रे सवारी साधाको हकमा दस्तुर रु ३,००० ।- (तीन हजार मात्र )पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयमा दर्ता गर्न सकिने छ ।

२. यो सूचना ब्लास्ट टाईम्स राष्ट्रिय दैनिक पत्रिका धरानमा प्रकाशित भएको मितिले ७ औं दिनसम्ममा कार्यालय समयभित्र सवारी साधन बिक्री गर्न चहाने उत्पादक कम्पनी वा त्यसको अधिकृत आधिकारिक विक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण संलग्न राखी यस कार्यालयमा दाखिल गरिसक्नु पर्नेछ। यो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

३.सिलवन्दी प्रस्ताव पेश गर्दा प्रस्तावदाताको ग्राहयता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी प्रस्ताब राखिएको खाम बाहिर कार्यालयको नाम र ठेक्का नं. ARM/CS/G/ 07-2074-075,Vehicle(4WD) Hardtop Jeep भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ ।

५. यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्ताव ७ औं दिनको सोही दिन कार्यालयको प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रोहवरमा खोलिनेछ। प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी प्रस्ताव पेश गर्नेले धरौटी रकम वापत रकम जम्मा गर्नु नपर्ने ।

७. सिलबन्दी प्रस्ताब स्वीकृत भएपछि कम्तीमा तीन दिन र बढिमा पाँच दिनको समय अवधि दिई लिखित रुपमा सिलबन्दी आर्थिक ( तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण) प्रस्ताव माग गरिने छ ।

८. न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही स्वीकृत प्रस्तावदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सा.ख. नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत बापत पेश गरी स्वीकृत भएको ३(तिन) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

९. सिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको vehicle -4WD Hardtop Jeep आपूर्ति गर्ने प्रयोजनार्थ गाउँ कार्यपालिकाको कार्यालय, संक्रान्तिबजार सम्म वा सम्झौता अनुसार ल्याउनुपर्ने छ ।

१०. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. माथि उल्लेखित सर्त वाहेक अन्यका हकमा प्रचलित कानुन वमोजिम हुने छ ।

**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सक्रान्तिवजार, तेह्रथुम**

(१ नं. प्रदेश,नेपाल)
मिति :- २०७५। ०२। २५

पत्र संख्या :- २०७४/०७५
चलानी नं.:

निम्न :

| ठेक्का नं. | कामको विवरण | संख्या | स्पेशिफिकेशन | कैफियत |
|---|---|---|---|---|
| ARM/CS/G/07-2074-075 | Vehicle(4WD) Hardtop Jeep | 1(one) | • Five Doors Right Hand 4WD top SUV<br>• 4-stroke, water cooled Diesel Engine,developing Maximum rated power output not less than 120 ps N-m at governed RPM<br>• Standard as prescribed by Nepal Vehicle Mass Emission Standard 2069 (Euro-III).<br>• Five forward and one reverse gear.<br>• To include speedometer, odometer, temperature,fuel gauges etc.<br>• Dry single Plate Clutch<br>• Turning Radius not more than 6m<br>• Ground clearance minimum 180mm<br>• four side doors and one rear door for luggage compartment. | संक्षिप्त विवरण उल्लेख नभएका कुराहरु स्वीकृत (प्राविधिक स्पेशिफिकेशन) Technical Specification बमोजिम हुने छ। |